श्री
राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर
इजलास
माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना
राजस्व सदस्य श्री टंकनाथ पौडेल
लेखा सदस्य श्री वासुदेव खनाल
फैसला
२०७९।०८० सालको निर्णय नं.५२४
पुनरावेदन नं. ०७८-RB-००५५
मुद्दाः– आयकर (२०७४/०७५)।

| | |
|---|---|
| चितवन जिल्ला भरतपुर महानगरपालिका वडा नं.४ मा रजिष्टर्ड कार्यालय रहेको सनराइज स्कूल चितवन प्रा.लि. (स्थायी लेखा नं. ३०१७०९३८३) को तर्फबाट ऐ. का अख्तियार प्राप्त श्री रामहरी सापकोटा..........................................१ | पुनरावेदक |

विरुद्ध

| | |
|---|---|
| श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट काठमाडौ...................................१<br>श्री आन्तरिक राजस्व कार्यालय भरतपुर चितवन.......................................१ | प्रत्यर्थी |

शुरु निर्णय गर्ने कार्यालय र अधिकारी

शुरु निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व कार्यालय,भरतपुर चितवन
शुरु निर्णय गर्ने अधिकारीः प्रमुख कर अधिकृत श्री सुव प्रसाद रिजाल
शुरु कार्यालयको निर्णय मितिः–२०७६/४/१५

प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी

निर्णय गर्ने कार्यालयः आन्तरिक राजस्व विभाग,लाजिम्पाट
निर्णय गर्ने पदाधिकारीः महानिर्देशक श्री विनोद बहादुर कुँवर
निर्णय मितिः २०७७/०३/१२

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाटः- विद्वान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेल

प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर

**अवलम्वित नजीरः ×**

आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनको मिति २०७६/४/१५ को संशोधित कर निर्धारणको निर्णय र आन्तरिक राजस्व विभागका महानिर्देशकबाट सोही निर्णय सदर गर्ने गरी भएको मिति २०७७/०३/१२ को निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन २०५८ को दफा ११६ बमोजिम पुनरावेदन दर्ता हुन आएको प्रस्तुत मुद्दा यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको रहेकोले प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छ।

**तथ्य खण्ड**

१. प्रस्तुत करदाताले आ.व. २०७४।०७५ को आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार करयोग्य आय रु.(४५,८९,१२८।००) (अक्षेरुपी पैतालिस लाख उनानब्बे हजार एक सय अठ्ठाईस रुपैया मात्र ) कायम गरी मिति २०७५।०९।२९ मा आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनमा आय विवरण पेश गरेको।

२. करदाताले पेश गरेको विवरणको अध्ययन, छानविन तथा परीक्षण गर्दा आयकर ऐन, २०५८ बमोजिम आयमा समावेश गर्नुपर्ने रकम समावेश नभएको/ कट्टी गर्न नपाउने खर्च रकम दावी गरिएको देखिएकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि जम्मा रू.२५,५०,२५१।५६(अक्षरुपी पच्चिस लाख पचास हजार दुई सय एकाउन्न रुपैया र पैसा छपन्न मात्र) कर योग्य आय कायम गर्नुपर्ने तथा अग्रिम कर कट्टी गरेको रकम आयकर ऐन २०५८ ले तोकेको समयमा राजस्व दाखिला गरेको नपाईएकोले ब्याज निर्धारण गर्नुपर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै आधार र कारण भए पत्र प्राप्त भएको मितिले १५ (पन्ध्र) दिनभित्र जवाफ पेश गर्न आयकर ऐन २०५८ को दफा १०१ (६) बमोजिम आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनबाट करदाताको नाममा मिति २०७६।०३।२७ मा सुचना जारी भएको ।

३. आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनबाट मिति २०७६।०३।२७ मा जारी भएको सूचना करदाताले मिति २०७६।०३।२९ मा बुझी लिई सो सूचनाको जवाफ मिति २०७६।०४।११ मा पेश गरेको ।

४. करदाताको आ.व. २०७४/०७५ का लागि रू.२५,५०,२५१।५६(अक्षरुपी पच्चिस लाख पचास हजार दुई सय एकाउन्न रुपैया पैसा छपन्न मात्र) करयोग्य आय कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम करदातालाई सूचना दिने भनी आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनबाट मिति २०७६/०४/१५ मा खडा भएको निर्णय पर्चा ।

५. आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनबाट मिति २०७६/०४/१५ मा जारी गरेको आ.व. २०७४/०७५ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी सनराईज स्कुल चितवन प्रा.लि.ले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७६/०६/०८ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाताको जिकिर, कार्यालयको प्रतिक्रिया तथा फाईलसाथ संलग्न कागजात अध्ययन गर्दा, करदाताले वार्षिक शुल्कलाई दायित्व तर्फ देखाएकोमा कर निर्धारण भएको सम्बन्धमा करदाताले विगत आ.व.हरुमा विद्यार्थीहरुबाट असुल गरेको वार्षिक शुल्कलाई बीजक जारी हुँदाका बखत नै आयमा लेखांकन गरेको तर यस आ.व.मा बीजक जारी हुँदाका बखत प्राप्त वार्षिक आयको केही अंशलाई मात्र आँशिक रुपमा आयमा लेखांकन गरी बाँकी रकमलाई दायित्वतर्फ उल्लेख गरी कर छल्ने नियतले लेखांकनको तरिका परिवर्तन गरेको, आयकर ऐन २०५८ को दफा २२ को उपदफा (५) बमोजिम लेखांकनको तरिकामा परिवर्तनका लागि विभागको स्वीकृति समेत नलिएकोले उपरोक्त आधार र कारणबाट आन्तरिक राजस्व कार्यालयबाट भएको कर निर्धारणमा कुनै परिवर्तन गर्नु नपर्ने भएकाले आयकर ऐन २०५८ को दफा ७ (२) अनुसार आयमा समावेश गरी ऐ.ऐनको दफा १०२ अनुसार जारी भएको संशोधित कर निर्धारण कानूनसम्मत देखिएकोले निवेदकको जिकिर नपुग्ने ठहर्छ भन्ने आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय ।

७. शैक्षिक संस्थाको शुल्क संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार निर्धारण गरिन्छ जस अनुसार कम्पनीले वार्षिक शुल्कको रुपमा प्राप्त रकमबाट आगामी आय वर्षमा समेत छ वटा क्षेत्रहरु जसअन्तर्गत खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकालय र प्राथमिक उपचार खर्च गर्नु पर्ने र विद्यार्थीलाई शैक्षिक सत्र भरी उल्लेखित सेवा प्रदान गर्न खर्च गर्नु पर्ने भएकाले वार्षिक शुल्क वापत प्राप्त सम्पुर्ण रकम आयमा समावेश गर्नुपर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनको मिति २०७६।०४।१५ को संशोधित कर निर्धारण निर्णय र सोलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।०३।१२ मा भएको निर्णय त्रुटीपूर्ण भएकोले बदर गरी पाँउ भन्ने समेत व्यहोराको पुनरावेदक करदाताले यस न्यायाधिकरणमा मिति २०७८।०५।०९ मा दायर गरेको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/०६/३१ मा भएको आदेश।

## ठहर खण्ड

९. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता सनराइज स्कूल चितवनको तर्फबाट उपस्थित हुनु भएका विद्धान वरिष्ठ अधिवक्ता श्री मेघराज पोखरेलले शैक्षिक संस्थाको शुल्क संस्थागत विद्यालय शुल्क निर्धारण मापदण्ड निर्देशिका २०७२ अनुसार निर्धारण गरिन्छ जस अनुसार कम्पनीले वार्षिक शुल्कको रुपमा प्राप्त रकमबाट आगामी आय वर्षमा समेत छ वटा क्षेत्रहरु जसअन्तर्गत खेलकुद, अतिरिक्त क्रियाकलाप, प्रयोगशाला, विद्यालय भवन मर्मत, पुस्तकालय र प्राथमिक उपचारमा खर्च गर्नु पर्ने र विद्यार्थीलाई शैक्षिक सत्र भरी उल्लेखित सेवा प्रदान गर्ने खर्च गर्नु पर्ने भएकाले वार्षिक शुल्क वापत प्राप्त सम्पूर्ण रकम आयमा समावेश गर्नुपर्ने गरी भएको आन्तरिक राजस्व कार्यालय भरतपुरको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत त्रुटीपूर्ण भएकोले बदर गरी पाँउ भनी गर्नुभएको बहस समेत सुनियो।

१०. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौका विद्धान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले पुनरावेदकले आफुले लिएका दावीहरुलाई ठोस तथा बस्तुनिष्ठ प्रमाणको माध्यमबाट पुष्टि गर्न नसकेको अबस्था हुँदा आन्तरिक राजस्व कार्यालय भरतपुरबाट भएको आदेश तथा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय समेत कानूनसम्मत रहेको हुँदा सो निर्णयलाई सदर गरी पाउँ भनी बहस गर्नु भयो।

११. पुनरावेदक करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु र मिसिल संलग्न कागज प्रमाणहरुको अध्ययन गरी हेर्दा, आन्तरिक राजस्व कार्यालय, भरतपुर चितवनबाट पुनरावेदक करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश र सो आदेशलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने प्रश्नमा नै निर्णय दिनुपर्ने देखियो।

१२. निर्णय तर्फ विचार गर्दा पुनरावेदकले यस सनराइज स्कुल चितवन प्रा.लिले आयकर ऐन २०५८ को दफा २२ को उपदफा (३) बमोजिम एक्रुयल आधारमा लेखांकन गर्दै आएको, कर कार्यालयले भने जस्तो यस कम्पनिले ऐनको दफा २२ को उपदफा (५) बमोजिम लेखाकंनको तरिकामा परिवर्तन गर्नु नपर्ने भनी रहेकोमा कानून बमोजिम स्थापित निकायले आफ्नो व्यवसायिक कारोबारको लेखांकन आयकर ऐन, २०५८ को परिच्छेद ६ मा उल्लेखित

प्रावधानहरुको अतिरिक्त नेपाल लेखामान, लेखाका सर्वमान्य सिद्धान्त अनुसार गर्नु पर्दछ।निकायले अवलम्बन गर्दै आएको लेखांकनको तरिकामा सारभुत रुपमा परिवर्तन गर्दा ऐनको दफा २२ को उपदफा (५) बमोजिम विभागको स्वीकृति लिन आवश्यक पर्दछ। त्यसैले हाम्रो हकमा संशोधित कर निर्धारण गर्नुपर्ने होइन भन्ने जिकीर लिएको देखियो। करदाताले आयकर ऐनको दफा २२ को उपदफा (३) अनुसार कर प्रयोजनको लागि एक्रुयल आधारमा नै लेखांकन गरेकोमा लेखांकनको तरिकामा बिगतको आ.व हरुमा गरेको भन्दा फरक तरिकाले शुल्क वापत प्राप्त आय रु.७९,१०,५४८।५६ मध्ये आंशिक अंश रु.१९,७७,६३७।—लाई मात्र ऐ ऐनको दफा ७(२)(क) अनुसार आयमा समावेश गरी बाँकी अन्य शुल्क बापत प्राप्त रकम रु.५९,३२,९११।५६ लाई दायित्व तर्फ वार्षिक शुल्क शिर्षकमा लेखांकन गरेको देखिन आयो।शुरु निर्णय पर्चा हेर्दा करदाताले लेखांकन गर्ने तरिकामा परिवर्तनको लागि कार्यालयमा निवेदन पेश नगरेको र विभागबाट स्वीकृति पाएको नदेखिएकोले रु.२५,५०,२५१।५६ करयोग्य आय कायम गरेको देखिन आयो। आयकर ऐनको दफा ७४ बमोजिम कानून बमोजिम स्थापित जिम्मेवार करदाताले प्रचलित कर कानूनको प्रावधानहरुको बारेमा आवश्यक जानकारी सूचना प्राप्त गर्ने करदाताको अधिकार हुनेमा सो अनुसार कार्यालयबाट सूचना जानकारी माग गरेको पनि देखिएन।त्यस्तै ऐ. ऐनको दफा ७६ अनुसार कुनै व्यक्तिले प्रस्तावित वा आफूले मानेको प्रबन्धका सम्बन्धमा यो ऐनमा उल्लेखित प्रावधान लागु हुने बारे द्विविधा उत्पन्न भएमा द्विविधा निराकरणको लागि पुर्वदेशको लागि निवेदन दिएको अवस्था पनि देखिएन।करदाताले कर दायित्वमा समेत फरक पार्ने गरी लेखांकनको तरिका परिवर्तन गर्नाको आधार र औचित्य सहित आयकर ऐन २०५८ को दफा २२(५) बमोजिम आन्तरिक राजस्व विभागको स्वीकृत लिनु पर्नेमा सो नगरी आफू खुसी आफ्नो कानूनी दायित्व समेतलाई वेवास्ता गरी गरिएको लेखांकन कर प्रयोजनको लागि कानूनी रुपमा स्वीकार्य नहुने भएकोले आन्तरिक राजस्व कार्यालय भरतपुरले गरेको संशोधित कर निर्धारणको निर्णय र सो निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागको महानिर्देशकबाट भएको निर्णयलाई अन्यथा भन्न मिलेन।

१३. अतः माथि उल्लेखित तथ्य, आधार एवं कारण समेतबाट करदाता श्री सनराइज स्कूल चितवन प्रा.लि.(स्थायी लेखा न. ३०१७०९३८३) को आ.ब. २०७४/७५ को संशोधित कर निर्धारण गरी आन्तरिक राजस्व कार्यालय भरतपुरबाट मिति २०७६।४।१५ मा भएको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७७।३।१२ मा भएको निर्णय समेत  मिलेकै देखिंदा सदर हुने ठहर्छ।यसमा करदाताको पुनरावेदन जिकीर पुग्न सक्दैन।अरुमा तपसील बमोजिम गर्नु।

**<u>तपसिल खण्ड</u>**

१. "फैसलाको प्रतिलिपि साथै राखी फैसला भएको जानकारी विशेष सरकारी वकील कार्यालय काठमाडौलाई दिनू।
२. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनू।
३. सरोकारवाला पक्षले फैसलाको प्रतिलिपि माग गरेमा लाग्ने दस्तुर लिई नियमानुसार प्रतिलिपि दिनू।
४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरू मिसिल आन्तरिक राजस्व कार्यालय भरतपुर पठाई रेकर्ड मिसिल नियमानुसार अभिलेख शाखामा बुझाईदिनू।

टंकनाथ पौडेल
(राजस्व सदस्य)

उक्त रायमा सहमत छौं।

बासुदेव खनाल
(लेखा सदस्य)

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

<u>फैसला तयारीमा सहयोग गर्नुहुनेः-</u>
ईजलास अधिकृत: श्री सबिना घिमिरे
इति सम्बत २०८० साल असार २४ गते रोज १ शुभम......................
प्रमाणीकरण गर्नेः -
प्रमाणीकरण मितिः-

राजस्व न्यायाधिकरण काठमाडौंको छाप